# जिल्ला समन्वय समितिको कार्यालय

मोरङ, बिराटनगर

कोशी प्रदेश, नेपाल

प.सः- २०८१/८२
च.नः- १५६

मितिः-२०८१/१२/०५
नेपाल संवत् ११४५ चिल्लागा चतुर्थी मंगलवार

**विषयः LISA , FRA र LED सम्बन्धमा ।**

**श्री विराटनगर महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मोरङ ।**

**श्री उर्लावारी/पथरी/बेलबारी/सुन्दरहैरचा/लेटाङ/रतुवामाई/सुनवर्षी/रंगेली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय मोरङ।**

**श्री केराबारी/मिक्लाजुङ/कानेपोखरी/बुढीगंगा/ग्रामथान/धनपालथान/कटहरी/जहदा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय मोरङ ।**

प्रस्तुत विषयमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि, २०७७ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) कार्यविधि, २०७७ अनुसार यस जिल्लाका सबै १७ वटै स्थानीय तहहरुले LISA र FRA को मूल्याङ्कन गरी पेश गरेकोमा LISA को पृष्ठपोषण प्रदान गरिएको साथै FRA को मूल्याङ्कन गरी स्थानीय तहको पृष्ठपोषणको आधारमा नतिजा प्रकाशन गरिएकोमा स्वमूल्याङ्कन गरी पठाउने स्थानीय तहहरुलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा देहाय अनुसार कार्य गर्न स्थानीय तहहरुलाई सुझाव प्रदान गर्ने जिल्ला समन्वय समितिको बैठकबाट निर्णय भएकोले सुझावहरु कार्यान्वयन गर्न अनुरोध गर्दछु ।

देहायः-

क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को कार्य अन्तिम समयमा नगरेर निरन्तर कार्यको रुपमा लिएर समयमा नै मूल्याङ्कन गरी पेश गर्ने ।

ख. पेश हुने कागजातको गुणस्तर कायम गर्ने, असमन्बन्धित तथा गोश्वारा विवरण तथा कागजात अपलोड नगर्ने । सम्बन्धित विवरणलाई हाइलाइट गरेर मात्र अपलोड गर्ने।

ग. पालिकाले गर्ने अनुशिक्षण तथा कर्मचारीलाई जिम्मेवारी तोक्ने कार्य समयमा नै गर्ने ।

घ. स्थानीय तह आर्थिक विकास मूल्याङ्कन (LED) कार्यविधि, २०७९ अनुसार जम्मा १ वटा स्थानीय तह पथरी शनिश्चरे नगरपालिकाले मात्र मूल्याङ्कनको लागि पेश गरेकोमा अन्य तहहरुले पनि पेश गर्ने तर्फ कदम चाल्न आवश्यक देखिएको ।

(मुनका न्यौपाने)
**जिल्ला समन्वय अधिकारी**

**बोधार्थः-**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम, सिंहदरवार, काठमाण्डौं ।

ईमेलःddcmorang@gmail.com
सम्पर्क नः०२१-४४२३०७,९८५२०६६२२२

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
मोरङ, विराटनगर
कोशी प्रदेश, नेपाल

**प्रस्ताव तथा निर्णयहरुः-**

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि, २०७७ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) कार्यविधि, २०७७ अनुसार यस जिल्लाका सबै १७ वटै स्थानीय तहहरुले LISA र FRA को मूल्याङ्कन गरी पेश गरेकोमा LISA को पृष्ठपोषण प्रदान गरिएको साथै FRA को मूल्याङ्कन गरी स्थानीय तहको पृष्ठपोषणको आधारमा नतिजा प्रकाशन गरिएकोमा स्वमूल्याङ्कन गरी पठाउने स्थानीय तहहरुलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा देहाय अनुसार कार्य गर्न स्थानीय तहहरुलाई सुझाव प्रदान गर्ने निर्णय गरियो ।

क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को कार्य अन्तिम समयमा नगरेर निरन्तर कार्यको रुपमा लिएर समयमा नै मूल्याङ्कन गरी पेश गर्ने ।

ख. पेश हुने कागजातको गुणस्तर कायम गर्ने, असमन्बन्धित तथा गोश्वारा विवरण तथा कागजात अपलोड नगर्ने । सम्बन्धित विवरणलाई हाइलाइट गरेर मात्र अपलोड गर्ने।

ग. पालिकाले गर्ने अनुशिक्षण तथा कर्मचारीलाई जिम्मेवारी तोक्ने कार्य समयमा नै गर्ने ।

घ. स्थानीय तह आर्थिक विकास मूल्याङ्कन (LED) कार्यविधि, २०७९ अनुसार जम्मा १ वटा स्थानीय तह पथरी शनिश्चरे नगरपालिकाले मात्र मूल्याङ्कनको लागि पेश गरेकोमा अन्य तहहरुले पनि पेश गर्ने तर्फ कदम चाल्न आवश्यक देखिएको ।

२. यस कार्यालयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाण्डौंबाट यस कार्यालयमा जिल्ला समन्वय अधिकारीको रुपमा खटिइ आउनु भएका उप सचिव श्री मुनका न्यौपानेलाई स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

जिल्ला समन्वय अधिकारी